नेपाल राजपत्र

भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३१) काठमाडौं, जेठ २७ गते २०३८ साल (अतिरिक्ताङ्क ८(क)

राष्ट्रिय पञ्चायत सचिवालय

राष्ट्रिय पञ्चायत (पहिलो संशोधन) नियमावली, २०३८

राष्ट्रिय पञ्चायत नियमावली, २०३३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, श्री ५ महाराजाधिराजबाट नेपालको संविधानको धारा ५० को उपधारा (२) बमोजिम देहायको नियमावली बनाइबक्सेको छः–

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस नियमावलीको नाम "राष्ट्रिय पञ्चायत (पहिलो संशोधन) नियमावली, २०३८" रहेको छ ।

(२) यो नियमावली तुरून्त प्रारम्भ हुनेछ ।

२. राष्ट्रिय पञ्चायत नियमावली, २०३३ को नियम ६ मा संशोधन : "राष्ट्रिय पञ्चायत नियमावली, २०३३ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ६ को सट्टा देहायको नियम ६ राखिएको छः–

"६. अध्यक्षको सिफारिशको लागि निर्वाचन : (१) अध्यक्ष-पदमा नियुक्त हुन सिफारिशको लागि निर्वाचन गर्न तत्काल अध्यक्षता गर्ने व्यक्तिले यथाशक्य चाँडो दिन र समय तोक्नेछ ।

(२) अध्यक्ष-पदको लागि उम्मेदवार हुन चाहने राष्ट्रिय पञ्चायतको सदस्यले राष्ट्रिय पञ्चायतको सम्पूर्ण सदस्य संख्याको कम्तीमा पच्चीस प्रतिशत राष्ट्रिय पञ्चायतका सदस्यहरूले प्रस्ताव र समर्थन गरेको मनोनयन-पत्र पेश गर्न पर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपनियम (१) बमोजिम हुने निर्वाचनमा एक जना मात्र उम्मेदवार भएमा त्यस्तो उम्मेदवार निर्विरोध छानिएको मानिनेछ ।

(४) उपनियम (१) बमोजिम हुने निर्वाचनमा एक जनाभन्दा बढी उम्मेदवार भएमा गोप्य मतदानद्वारा निर्वाचन हुनेछ ।

(५) उपनियम (४) बमोजिम भएको निर्वाचनमा राष्ट्रिय पञ्चायतको सम्पूर्ण सदस्य संख्याको कम्तीमा साठी प्रतिशत वा सोभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवार निर्वाचित हुनेछ ।

(६) उपनियम (४) बमोजिम भएको निर्वाचनमा दुई जना मात्र उम्मेदवार भई आवश्यक बहुमत प्राप्त गर्न नसकेको अवस्थामा सो दुई जना वा दुईभन्दा बढी उम्मेदवार भई कसैले पनि आवश्यक बहुमत प्राप्त गर्न नसकेको अवस्थामा सो उम्मेदवारहरूमध्ये बढी मत प्राप्त गर्ने पहिलो र दोस्रो वा बढी मत प्राप्त गरी मत बराबर हुने दुवै जना उम्मेदवारहरूलाई कायमै राखी अरू उम्मेदवारको नाम उम्मेदवारबाट हटाई पुनः निर्वाचन गरिनेछ । यसरी पुनः निर्वाचन गर्दा उपनियम (५) बमोजिम बहुमत प्राप्त गर्ने उम्मेदवार निर्वाचित भएको मानिनेछ ।

(७) उम्मेदवार हुन मनोनयन-पत्र दाखिला गर्ने र नाम फिर्ता लिने मिति, समय र स्थान तथा मनोनयन-पत्र र मतपत्रको ढाँचा र मतदानसम्बन्धी आवश्यक अन्य कार्यविधि तत्काल अध्यक्षता गर्ने व्यक्तिले तोकेबमोजिम हुनेछ ।"

३. मूल नियमावलीको नियम ७ मा संशोधन : मूल नियमावलीको नियम ७ को सट्टा देहायको नियम ७ राखिएको छः–

"७. अध्यक्षको नियुक्तिको लागि सिफारिश चढाउने : (१) राष्ट्रिय पञ्चायतबाट नियम ६ को उप-नियम (३) बमोजिम निर्विरोध छानिएको वा नियम ६ को उपनियम (५) वा (६) बमोजिम निर्वाचित व्यक्तिलाई अध्यक्ष-पदमा नियुक्तिको लागि राष्ट्रिय पञ्चायतको तर्फबाट तत्काल अध्यक्षता गर्ने व्यक्तिले श्री ५ का हजूरमा सिफारिश चढाउनेछ ।

(२) नियम ६ को उपनियम (६) बमोजिम पुनः निर्वाचन हुँदा कुनै पनि उम्मेदवारले आवश्यक बहुमत प्राप्त गर्न नसकेको अवस्थामा राष्ट्रिय पञ्चायतले राष्ट्रिय पञ्चायतका सदस्यहरूमध्येबाट तीन जना व्यक्तिको नाम मात्र अध्यक्ष-पदको लागि श्री ५ का हजूरमा सिफारिश चढाउनेछ ।

(३) उपनियम (२) बमोजिम अध्यक्ष-पदको लागि सिफारिश चढाउन राष्ट्रिय पञ्चायतका तीन जना सदस्यहरूको नाम पठाउन तत्काल

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अध्यक्षता गर्ने व्यक्तिले राष्ट्रिय पञ्चायतका सदस्यहरूबाट तीन जना सदस्यहरूको नाम मात्र माग गर्नेछ । त्यसरी नाम माग गर्ने तरीका, दिन र समय तत्काल अध्यक्षता गर्ने व्यक्तिले तोकेबमोजिम हुनेछ ।

(४) उपनियम (३) बमोजिम राष्ट्रिय पञ्चायतका सदस्यहरू मध्येबाट तीन जना सदस्यहरूको नाम मात्र अध्यक्ष-पदका लागि राष्ट्रिय पञ्चायतका तर्फबाट तत्काल अध्यक्षता गर्ने व्यक्तिले श्री ५ का हजूरमा सिफारिश चढाउनेछ ।"

४. मूल नियमावलीको नियम ८ मा संशोधन : मूल नियमावलीको नियम ८ को सट्टा देहायको नियम ८ राखिएको छः–

"८. उपाध्यक्षको सिफारिशको लागि निर्वाचन : उपाध्यक्ष-पदमा नियुक्त हुनका लागि नियम ६ र ७ मा अध्यक्षको सम्बन्धमा निर्धारित तरीका अनुसार गरी अध्यक्षले श्री ५ का हजूरमा सिफारिश चढाउनेछ ।"

५. मूल नियमावलीको नियम १० मा संशोधन : मूल नियमावलीको नियम १० को उपनियम (२) मा रहेको "अधिकृत गरिबक्सेमा" भन्ने शब्दहरूको सट्टा "तोकिबक्सेमा" भन्ने शब्दहरू राखिएका छन् ।

६. मूल नियमावलीमा परिच्छेद ३ क. थप : मूल नियमावलीको परिच्छेद ३ पछि देहायको परिच्छेद ३ क. थपिएको छः–

"परिच्छेद ३ क.

प्रधानमन्त्रीको नियुक्ति

११ क. प्रधानमन्त्रीको सिफारिशको लागि निर्वाचन : (१) प्रधानमन्त्रीको पदमा नियुक्त हुन सिफारिशको लागि निर्वाचन गर्न अध्यक्षले यथाशक्य चाँडो दिन र समय तोक्नेछ ।

(२) प्रधानमन्त्री-पदको लागि उम्मेदवार हुन चाहने राष्ट्रिय पञ्चायतको सदस्यले राष्ट्रिय पञ्चायतको सम्पूर्ण सदस्य संख्याको कम्तीमा पच्चीस प्रतिशत राष्ट्रिय पञ्चायतका सदस्यहरूले प्रस्ताव र समर्थन गरेको मनोनयन-पत्र पेश गर्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम हुने निर्वाचनमा एक जना मात्र उम्मेदवार भएमा त्यस्तो उम्मेदवार निर्विरोध छानिएको मानिनेछ ।

(४) उपनियम (१) बमोजिम हुने निर्वाचनमा एक जनाभन्दा बढी उम्मेदवार भएमा गोप्य मतदानद्वारा निर्वाचन हुनेछ ।

(५) उपनियम (४) बमोजिम भएको निर्वाचनमा राष्ट्रिय पञ्चायतको सम्पूर्ण सदस्य संख्याको कम्तीमा साठी प्रतिशत वा सोभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवार निर्वाचित हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(६) उपनियम (४) बमोजिम भएको निर्वाचनमा दुई जना मात्र उम्मेदवार भई आवश्यक बहुमत प्राप्त गर्न नसकेको अवस्थामा सो दुई जना वा दुईभन्दा बढी उम्मेदवार भई कसैले पनि आवश्यक बहुमत प्राप्त गर्न नसकेको अवस्थामा सो उम्मेदवारहरूमध्ये बढी मत प्राप्त गर्ने पहिलो र दोस्रो वा बढी मत प्राप्त गरी मत बराबर हुने दुवै जना उम्मेदवारहरूलाई कायमै राखी अरू उम्मेदवारहरूको नाम उम्मेदवारबाट हटाई पुनः निर्वाचन गरिनेछ । यसरी पुनः निर्वाचन गर्दा उपनियम (५) बमोजिम बहुमत प्राप्त गर्ने उम्मेदवार निर्वाचित भएको मानिनेछ ।

(७) उम्मेदवार हुन मनोनयन-पत्र दाखिला गर्ने र नाम फिर्ता लिने मिति, समय र स्थान तथा मनोनयन-पत्र र मतपत्रको ढाँचा र मतदानसम्बन्धी अन्य कार्यविधि अध्यक्षले तोकेबमोजिम हुनेछ ।

११ ख. प्रधानमन्त्रीको नियुक्तिको लागि सिफारिश चढाउने : (१) राष्ट्रिय पञ्चायतबाट नियम ११ क. को उपनियम (३) बमोजिम निर्विरोध छानिएको वा नियम ११ क. को उपनियम (५) वा (६) बमोजिम निर्वाचित व्यक्तिलाई प्रधानमन्त्री-पदमा नियुक्तिको लागि राष्ट्रिय पञ्चायतको तर्फबाट अध्यक्षले श्री ५ का हजूरमा सिफारिश चढाउनेछ ।

(२) नियम ११ क. को उपनियम (६) बमोजिम पुनः निर्वाचन हुँदा कुनै पनि उम्मेदवारले आवश्यक बहुमत प्राप्त गर्न नसकेको अवस्थामा राष्ट्रिय पञ्चायतले राष्ट्रिय पञ्चायतका सदस्यहरूमध्येबाट तीन जना व्यक्तिको नाम मात्र प्रधानमन्त्री पदको लागि श्री ५ का हजूरमा सिफारिश चढाउनेछ ।

(३) उपनियम (२) बमोजिम प्रधानमन्त्री पदको लागि सिफारिश चढाउन राष्ट्रिय पञ्चायतका तीन जना सदस्यहरूको नाम पठाउन अध्यक्षले राष्ट्रिय पञ्चायतका सदस्यहरूबाट तीन जना सदस्यहरूको नाम मात्र माग गर्नेछ । त्यसरी नाम माग गर्ने तरीका, दिन र समय अध्यक्षले तोकेबमोजिम हुनेछ ।

(४) उपनियम (३) बमोजिम राष्ट्रिय पञ्चायतका सदस्यहरूमध्येबाट तीन जना सदस्यहरूको नाम मात्र प्रधानमन्त्री-पदको लागि राष्ट्रिय पञ्चायतका तर्फबाट अध्यक्षले श्री ५ का हजूरमा सिफारिश चढाउनेछ ।"

७. मूल नियमावलीको नियम ३९ मा संशोधन : मूल नियमावलीको नियम ३९ को उपनियम (२) को अन्त्यमा रहेको "समितिहरू र गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिलाई समेत दिनेछ" भन्ने वाक्यांशको सट्टा "समितिहरूलाई दिनेछ" भन्ने वाक्यांश राखिएको छ

८. मूल नियमावलीको नियम ४० मा संशोधन : मूल नियमावलीको नियम ४० को उपनियम (६) मा रहेको "समितिहरू र गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

समितिलाई दिनेछ" भन्ने वाक्यांशको सट्टा "समितिहरूलाई दिनेछ" भन्ने वाक्यांश राखिएको छ ।

९. मूल नियमावलीको नियम ६१ मा संशोधन : मूल नियमावलीको नियम ६१ मा रहेको "पाँच दिन" भन्ने शब्दहरूको सट्टा "सात दिन" भन्ने शब्दहरू राखिएका छन् ।

१०. मूल नियमावलीको नियम ७३ मा संशोधन : मूल नियमावलीको नियम ७३ को उपनियम (१) मा रहेको "पाँच दिन" भन्ने शब्दहरूको सट्टा "सात दिन" भन्ने शब्दहरू राखिएका छन् ।

११. मूल नियमावलीको नियम ९० मा संशोधन : मूल नियमावलीको नियम ९० को उपनियम (८) मा रहेको "मसौदा पनि संलग्न गरी" भन्ने शब्दहरू झिकिएका छन् ।

१२. मूल नियमावलीको नियम ९३ मा संशोधन : मूल नियमावलीको नियम ९३ को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः–

"(१) समितिले नियम ९० को उपनियम (८) बमोजिम आफ्नो प्रतिवेदन-साथ विधेयक राष्ट्रिय पञ्चायतमा पठाएपछि त्यस्तो प्रतिवेदनसहितको विधेयक सबै सदस्यहरूलाई वितरण गरिनेछ ।"

१३. मूल नियमावलीको नियम ९४ र ९५ मा संशोधन : मूल नियमावलीको नियम ९४ र ९५ मा "पञ्चहरूको" भन्ने शब्द प्रयोग भइरहेको ठाउँहरूमा सो शब्दको सट्टा "पञ्चायतका विभिन्न तहहरू वा सर्वसाधारणको" भन्ने शब्द राखिएको छ ।

१४. मूल नियमावलीको नियम ९७ मा संशोधन : मूल नियमावलीको नियम ९७ को सट्टा देहायको नियम ९७ राखिएको छः–

"९७. विधेयक निष्क्रिय हुने : देहायको अवस्थामा विधेयक स्वतः निष्क्रिय हुनेछः–

(क) नियम ९० को उपनियम (८) बमोजिम राष्ट्रिय पञ्चायतमा पठाएको विधेयकलाई पारित गरियोस् भन्ने प्रस्ताव प्रस्तुत नभएमा, वा

(ख) विधेयकलाई पञ्चायतका विभिन्न तहहरू वा सर्वसाधारणको राय प्राप्त गर्नको निमित्त प्रसार गरियोस् भन्ने प्रस्ताव स्वीकृत नभएमा, वा

(ग) समितिमा कुनै पनि अवस्थामा रहेको विधेयक राष्ट्रिय पञ्चायतको अधिवेशन समाप्त भएमा ।"

१५. मूल नियमावलीको नियम १०१ मा संशोधनः मूल नियमावलीको नियम १०१ को उपनियम (४) मा रहेको "विधेयकको मसौदा पनि संलग्न गरी" भन्ने शब्द-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

हरूको सट्टा "विधेयक" भन्ने शब्द र उपनियम (५) मा रहेको "विधेयक वितरण" भन्ने शब्दहरूको सट्टा "प्रतिवेदन सहितको विधेयक वितरण" भन्ने शब्दहरू राखिएका छन् ।

१६. मूल नियमावलीको नियम १११ मा संशोधन : मूल नियमावलीको नियम १११ को खण्ड (१) र (३) को सट्टा देहायको खण्ड (१) र (३) राखिएका छन्:–

"(१) पञ्चायत समिति:– गृह पञ्चायत, सामान्य प्रशासन, कानून तथा न्याय, रक्षा, स्थानीय विकास र लोक सेवा आयोगको वार्षिक प्रतिवेदन ।

(३) आर्थिक समिति:– अर्थ, अनुमान, लेखा र महालेखा परीक्षकको वार्षिक प्रतिवेदन ।"

१७. मूल नियमावलीको नियम ११३ मा संशोधन : मूल नियमावलीको नियम ११३ को उपनियम (२) र (३) को सट्टा देहायको उपनियम (२) र (३) राखिएका छन्:–

"(२) प्रत्येक समितिमा रहने सदस्यहरूमध्ये चौध जना सदस्यहरू यथाशक्य प्रत्येक अञ्चलको समान प्रतिनिधित्व हुने गरी अध्यक्षले मनोनीत गर्नेछ र अन्य सदस्यहरूको हकमा सदस्यहरूको विषय रूचि समेत विचार गरी निर्देशक समितिको परामर्शमा अध्यक्षले मनोनीत गर्नेछ ।

तर, प्रत्येक समितिमा सो समितिको विषयसित सम्बन्धित मन्त्रीहरू स्वतः सदस्य रहनेछन् ।

(३) समितिको सभापति र उपसभापति समितिको सदस्यहरूमध्येबाट निर्वाचित हुनेछन् ।

तर, कुनै पनि मन्त्री समितिको सभापति वा उपसभापति हुन पाउने छैन ।"

१८. मूल नियमावलीको नियम ११४ मा संशोधन : मूल नियमावलीको नियम ११४ को सट्टा देहायको नियम ११४ राखिएको छ:–

"११४. समितिको अवधि : (१) समिति दुई वर्षको अवधिको निमित्त गठन हुनेछ ।

(२) समितिका सभापति, उपसभापति र सदस्यको पदावधि देहायका अवस्थामा रिक्त हुनेछ:–

(क) राष्ट्रिय पञ्चायतको सदस्य नरहेमा, वा

(ख) समितिको पदावधि समाप्त भएमा, वा

(ग) आफ्नो पदबाट राजीनामा दिएमा, वा

(घ) समितिको सभापति वा उपसभापतिले आफ्नो पदको जिम्मेवारी

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

ईमान्दारीपूर्वक पूरा नगरेको भनी सम्बन्धित समितिका सम्पूर्ण सदस्य संख्याको सामान्य बहुमतले प्रस्ताव पारित गरेमा ।

(३) समितिका सभापति, उपसभापति वा कुनै सदस्यको पद दुई वर्षको पदावधि नपुग्दै रिक्त हुन आएमा निज जुन तरीकाबाट निर्वाचित वा मनोनीत भएको हो सोही अनुसार पूर्ति गरिनेछ र त्यसरी पूर्ति हुने सभापति, उपसभापति वा सदस्यको पदावधि सो समितिको बाँकी अवधिको निमित्त मात्र हुनेछ ।"

१९. मूल नियमावलीमा नियम ११४ क. थपः मूल नियमावलीको नियम ११४ पछि देहायको नियम ११४ क. थपिएको छः–

"११४ क. सभापति वा उपसभापतिको निर्वाचन : (१) समितिको सभापतिको निर्वाचन गर्न अध्यक्षले यथाशक्य चाँडो दिन र समय तोक्नेछ ।

(२) उपनियम (१) बमोजिमको निर्वाचनको लागि मन्त्री बाहेक समितिका अन्य सदस्यले कम्तीमा पाँच जना सदस्यद्वारा प्रस्ताव र समर्थन भएको आफ्नो मञ्जूरीसमेत सामेल राखी अध्यक्षले तोकेको दिन र समयमा आफू उम्मेदवार भएको प्रस्तावको सूचना पेश गर्न सक्नेछ ।

(३) उपनियम (२) बमोजिम एकभन्दा बढी प्रस्तावको सूचना पेश नभएमा प्रस्तावको सूचना पेश गर्ने सदस्य सभापति पदमा निर्विरोध निर्वाचित भएको मानिनेछ ।

(४) उपनियम (२) बमोजिम एकभन्दा बढी प्रस्तावको सूचना पेश भएमा गोप्य मतदानद्वारा समितिको सभापतिको निर्वाचन हुनेछ । निर्वाचनमा सामान्य बहुमत प्राप्त गर्ने व्यक्ति सभापति-पदमा निर्वाचित हुनेछ । मत बराबर भएमा अध्यक्षले गोला हाली निर्णय गर्नेछ ।

(५) प्रस्ताव पेश गर्ने र नाम फिर्ता लिने, मिति, समय, स्थान तथा प्रस्ताव र मतदान-पत्रको ढाँचा र मतदानसम्बन्धी अन्य कार्यविधि अध्यक्षले निर्देश गरे बमोजिम हुनेछ ।

(६) समितिको उपसभापतिको निर्वाचन सभापतिको सम्बन्धमा यसै नियममा निर्धारित निर्वाचनको तरीका अनुसार गरिनेछ ।"

२०. मूल नियमावलीको नियम ११५ मा संशोधन : मूल नियमावलीको नियम ११५ को सट्टा देहायबमोजिमको ११५ राखिएको छः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"११५. समितिको काम, कर्तव्य र अधिकार : (१) परिच्छेद १५ मा व्यवस्थित कामका अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार आफ्नो विषयभित्र रही देहायबमोजिम हुनेछः–

(क) समितिले आफ्नो विषयभित्रको श्री ५ को सरकारको नीति तथा कार्यक्रम अनुसार कार्य सञ्चालन भइरहेको छ–छैन अध्ययन गरी सुझाव र उपाय सहितको मूल्याङ्कन प्रतिवेदन तयार गर्ने,

(ख) राष्ट्रिय पञ्चायतबाट पारित भई बनेका ऐनहरू अन्तर्गत बनेका नियम तथा आदेशहरू ऐनको उद्देश्यअनुरूप बनेको छ–छैन अध्ययन गरी प्रतिवेदन तयार गर्ने,

(ग) नेपालको संविधानको धारा ४१ ख. को उपधारा (३) अनुसार श्री ५ बाट पठाइबक्सेका संवैधानिक अङ्कका वार्षिक प्रतिवेदन र राष्ट्रिय पञ्चायतसमक्ष पेश भएको महालेखा परीक्षकको वार्षिक प्रतिवेदन र लोक सेवा आयोगको वार्षिक प्रतिवेदन अध्ययन गरी प्रतिवेदन तयार गर्ने,

(घ) खण्ड (क) वा (ख) बमोजिम प्रतिवेदन तयार गर्दा सम्बन्धित मन्त्रालय र विभागका प्रतिनिधिहरूसित विचारको आदान-प्रदान गर्ने र सो प्रतिवेदन अध्यक्षसमक्ष पेश गर्ने, र

(ङ) राष्ट्रिय पञ्चायतले सुम्पेको अन्य काम गर्ने ।

(२) उपनियम (१) को खण्ड (ग) अनुसार संवैधानिक अङ्कका वार्षिक प्रतिवेदनका सम्बन्धमा सम्बन्धित समितिहरूले छलफल र निर्णय गर्ने कार्यविधि अध्यक्षले निर्देश गरेबमोजिम हुनेछ ।"

२१. मूल नियमावलीको नियम १२१ मा संशोधन : मूल नियमावलीको नियम १२१ को उपनियम (३) मा रहेको "त्यस्तो सूचना प्राप्त भएपछि अध्यक्षले पनि सो कुराको जानकारी गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिलाई दिनु पर्नेछ" भन्ने वाक्यांश झिकिएको छ ।

२२. मूल नियमावलीको नियम १२३ मा संशोधन : मूल नियमावलीको नियम १२३ को उपनियम (१) मा रहेको "अध्यक्षले तोकेको समितिको कुनै सदस्यले" भन्ने शब्दहरूको सट्टा "समितिका सदस्यहरूले आफूमध्येबाट छानेको व्यक्तिले" भन्ने शब्दहरू राखिएका छन् ।

२३. मूल नियमावलीको नियम १३४ मा संशोधन : मूल नियमावलीको नियम १३४ को उपनियम (२) मा अर्धविराम चिह्नसमेत, "१३८ र १३९" भन्ने अङ्क र अक्षर झिकिएका छन् र उपनियम (४) को सट्टा निम्नलिखित उपनियम (४) राखिएको छः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(४) यस नियमावलीमा लेखिएको कुनै कुराले पनि राष्ट्रिय पञ्चायतको औपचारिक समारोहमा र नेपालको औपचारिक भ्रमणमा आमन्त्रित विदेशी मुलुकका गद्दीनसीन राजा, रानी, राष्ट्राध्यक्ष, शासनाध्यक्ष वा संयुक्त राष्ट्र सङ्घका महासचिवले राष्ट्रिय पञ्चायतमा सम्बोधन गर्ने औपचारिक समारोहमा आमन्त्रित विदेशी कूटनैतिक, अन्तर्राष्ट्रिय सङ्घ संस्थाका प्रतिनिधिहरू तथा कुनै विदेशी नागरिकलाई वा अन्तर्व्यवस्थापिका सङ्घका पदाधिकारी र सदस्यहरूलाई समेत बैठक भवनभित्र प्रवेश गर्न दिन बाधा पुऱ्याएको मानिने छैन ।"

२४. मूल नियमावलीको नियम १३८ मा संशोधन : मूल नियमावलीको नियम १३८ को उपनियम (१) मा रहेको "धारा २६, धारा २६ क. र धारा २७" भन्ने शब्दहरूको सट्टा "धारा २६ र धारा २६ क." भन्ने शब्दहरू राखिएका छन् । उपनियम (२) मा रहेको "कम्तीमा राष्ट्रिय पञ्चायतको सम्पूर्ण सदस्य संख्याको तीन खण्डको एक खण्ड सदस्यहरूको" भन्ने वाक्याँशको सट्टा "राष्ट्रिय पञ्चायतका सम्पूर्ण सदस्य संख्याको कम्तीमा पच्चीस प्रतिशत सदस्यहरूको" भन्ने वाक्याँश राखिएको छ र उपनियम (७) को वाक्यको अन्त्यमा "राष्ट्रिय पञ्चायतका सम्पूर्ण सदस्य संख्याको साठी प्रतिशत वा सोभन्दा बढी बहुमतले पारित गरेमा सो प्रस्ताव पारित भएको मानिनेछ" भन्ने वाक्य थपिएको छ ।

२५. मूल नियमावलीको नियम १३९ मा संशोधन : मूल नियमावलीको नियम १३९ को उपनियम (२) मा रहेको "कम्तीमा राष्ट्रिय पञ्चायतको सम्पूर्ण सदस्य संख्याको तीन खण्डको एक खण्ड सदस्यहरूको" भन्ने वाक्याँशको सट्टा "राष्ट्रिय पञ्चायतको सम्पूर्ण सदस्य संख्याको कम्तीमा पच्चीस प्रतिशत सदस्यहरूको" भन्ने वाक्याँश राखिएको छ र उपनियम (७) को वाक्यको अन्त्यमा "राष्ट्रिय पञ्चायतको सम्पूर्ण सदस्य संख्याको साठी प्रतिशत वा सोभन्दा बढी बहुमतले पारित गरेमा सो प्रस्ताव पारित भएको मानिनेछ" भन्ने वाक्य थपिएको छ ।

२६. मूल नियमावलीको नियम १५६ मा संशोधन : मूल नियमावलीको नियम १५६ मा उल्लिखित "महान्यायाधिवक्ताले" भन्ने शब्दको सट्टा "महान्यायाधिवक्ता वा निजको अनुपस्थितिमा सो कार्यालयका वरिष्ठ वा अन्य अधिवक्ताले" भन्ने वाक्याँश राखिएको छ ।

आज्ञाले–
स्यामकृष्ण भटराई
राष्ट्रिय पञ्चायतको सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।